प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
बागमती प्रदेश
(प्रादेशिक योजना तथा अनुगमन शाखा)
हेटौंडा, मकवानपुर, नेपाल

प.सं. १३/०७६/७७, च.नं. १२२२

मिति: २०७७/०३/१८

**विषयः वित्तीय हस्तान्तरण अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन सम्बन्धमा ।**

श्री स्थानीय तह(महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका), सबै ।(११९ वटै)
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, हेटौंडा ।
श्री प्रदेश लेखा नियन्त्रक ईकाई कार्यालयहरु (१३ वटै ) ।
बागमती प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा बागमती प्रदेश भित्रका स्थानीय तहहरुलाई यस मन्त्रालयबाट चालु आर्थिक वर्ष २०७६/७७ मा वित्तीय हस्तान्तरण अन्तर्गत सशर्त, समपूरक तथा विशेष अनुदान तर्फका योजनाहरुमा विभिन्न चरणमा विभिन्न किस्तामा रकमहरु निकासा भएको व्यहोरा अवगतै छ । सो सम्बन्धमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरसको प्रकोपले त्यस्ता योजना तथा कार्यक्रमहरुको कार्यान्वयन प्रक्रिया अवरुद्ध भएको तथा चालु आर्थिक वर्षमा सम्पन्न हुन नसक्ने भनी विभिन्न स्थानीय तहहरुबाट म्याद थप गर्न एवम् स्थानीय सञ्चित कोषमा रकम दाखिला गर्न अनुमति प्रदान गरिदिनुहुन भनी लेखी आएकोमा चालु आर्थिक वर्षको प्रदेश विनियोजन ऐन, २०७६ को दफा ४ मा वित्तीय हस्तान्तरण (सशर्त, समपूरक तथा विशेष अनुदान)तर्फका योजना तथा कार्यक्रमहरुमा विनियोजित रकम असार मसान्तसम्म खर्च नभई बाँकी रहेमा त्यस्तो रकम प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने तथा त्यस्तो रकम फिर्ता दाखिला नगरे/नगराएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को आर्थिक वर्षको वित्तीय हस्तान्तरणबाट कट्टा गर्ने व्यवस्था भएकोले सोही अनुसार गर्न गराउन सम्बन्धित सबै स्थानीय तह एवम् प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक ईकाई कार्यालयहरुलाई जानकारीको लागि आदेशानुसार अनुरोध छ ।

पुनश्चः सो सम्बन्धी प्रदेश कानुनको राजपत्र कपीको पाना संख्या-३ यसै पत्रासाथ संलग्न राखी पठाइएको छ । उक्त ऐन मन्त्रालयको वेभसाइट moeap.p3.gov.np मा समेत हेर्न र पढ्न सकिन्छ ।

२०७७/३/१८
(प्रमोद सिंखडा)
शाखा अधिकृत

बोधार्थ/कार्यार्थः
श्री सूचना प्रविधि शाखा, बागमती प्रदेश भित्रका सबै ११९ वटै स्थानीय तहहरुलाई मेल गरी यो पत्र मन्त्रालयको Website मा समेत अपलोड गरिदिनुहुन ।

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, Email: moeap3@gmail.com,
URL: moeap.p3.gov.np

# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, असार २९ गते, २०७६ साल (अतिरिक्ताङ्क ८

## भाग १

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

### सूचना

प्रदेश नं. ३ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०७६ सालको ऐन नं. ६**

प्रदेश विनियोजन ऐन, २०७६



हो, सोही अनुदान संख्यामा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

४. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थाः</u> (१) अनुदान संख्या ८०१ को रकम कानून बमोजिम स्थानीय तहले खर्च गर्न पाउने गरी अनुदानको रूपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा प्रत्येक वर्षको श्रावण ३०, कार्तिक ३०, माघ ३० र वैशाख ३० गते गरी चार किस्तामा दाखिल गर्नेछ।

(३) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १५, माघ १५, चैत्र १५ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण २५ गते भित्र पेश गर्नु पर्नेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित सञ्चित कोषमा दाखिल गरिने छैन।

(५) उपदफा (१) बमोजिमको अनुदान रकममध्ये सशर्त अनुदान अन्तर्गत पहिचान भैसकेका कार्यक्रमहरुको रकम मात्रको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भाद्र ५ , मङ्सिर १५, फागुन १५ र वैशाख ३० गते दाखिल गर्नेछ।

(६) उपदफा (५) बमोजिमको सशर्त अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको मङ्सिर १ , फागुन १, वैशाख १५ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण २५ गते भित्र पेश गर्नु पर्नेछ।

(७) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (६) बमोजिमको विवरण प्राप्त नभएसम्म सशर्त अनुदान वापतको बाँकी किस्ता रकम सम्बन्धित सञ्चित कोषमा दाखिल गरिने छैन।

(८) पहिचान गरिने सशर्त अनुदानका योजनाका सम्बन्धमा योजना छनौट गर्दाका बखत भएको निर्णय बमोजिम गर्नु पर्नेछ।

(९) प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम छनौट भएका योजनाहरुका लागि प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई सशर्त, समपूरक र विशेष अनुदानको रकम हस्तान्तरण गर्नु पर्नेछ।

(१०) सशर्त, समपूरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिल गर्नु पर्नेछ।

(११) उपदफा (१०) बमोजिम अनुदानको रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ।

५. **योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था**:(१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने